मिति : २०८२/११/२८, कापा बैठक संख्याः १५-०८२/८३

बैठक नं. १५

आज मिति २०८२ साल फागुन २८ गते बिहीबार (ने.सं. ११४६, चिल्लागा, नवमी) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष **श्री नवराज ढकालज्यूको** अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समयः दिनको ठिक १:०० बजे।

स्थानः कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

उपस्थितिः

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरूङ्ग | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

मिति : २०८२/११/२८, का.पा बैठक संख्याः १५-२०८२/८३

प्रस्तावहरु

१५.१ प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) सम्बन्धमा,

१५.२ सङ्घीय सरकारद्वारा हस्तान्तरित कार्यक्रम विशेष अनुदान अन्तर्गतको कार्यक्रम कार्यान्वयन सम्बन्धमा,

१५.३ कञ्चन गाउँपालिकाको महिला तथा बालिका माथि हुने हिंसा नियन्त्रण गर्न स्थानीय तहमा नीतिगत पहलका लागि पुनर्स्थापना केन्द्र तथा सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न बनेको नियमावली, २०८२ सम्बन्धमा

निर्णयहरू

**१५.१ कञ्चन सिँचाई आयोजनाको IEE निर्माण सम्बन्धमा,**

यस कञ्चन गाउँपालिका अन्तर्गत Kanchan Deep Tubewell Irrigation Project को detail survey, design, estimate and project Report तयार भई स्विकृत समेत भई सकेकको तथा संघिय सरकारबाट शसर्त अनुदान तर्फ कञ्चन सिचाई आयोजनाका लागि रु ५० लाख बजेट विनियोजन भई प्राप्त भएकाले उक्त योजना Kanchan Deep Tubewell Irrigation Project को रुपमा कार्यान्वयन गर्ने तथा नेपाल सरकार वातावरण संरक्षण नियमावली,२०७७ को नियम ३ को उपनियम १ बमोजिम उक्त नियमावलीको अनुसूचि-२ को खण्ड ३ को (क) मा तराई वा भित्री मधेशमा २०० देखि २००० हेक्टर सम्मको क्षेत्र सिँचाई गर्ने परियोजनाको हकमा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने उल्लेख भएको तथा उक्त योजनाको detail survey, design, estimate and project Report मा प्रस्तावित परियोजनाबाट कञ्चन गाउँपालिकाको ४६९ हेक्टर जमिनमा सिँचाई हुने उल्लेख गरिएको उक्त सिँचाई आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने कार्यको कार्य क्षेत्रगत शर्त (TOR) तयार गरी अगाडी बढाउने गरी मिति २०८२ माघ १२ गतेको बैठकबाट उक्त योजनाको IEE गर्ने निर्णय भएकोमा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गाउँपालिकामा सूचिकृत ३ वटा परामर्शदाताहरूबाट प्रास्ताव माग भएकोमा सबैभन्दा न्यून कबोल गर्ने Institute of Technical Consultancy and Research Services (ITCRS) Pvt. Ltd. काठमाडौं नेपाल सँग अक्षरूपी रू. २,९६,७३८/- मा IEE गरी प्रतिवेदन पेश गर्ने गरी सम्झौता भएकोमा उक्त परामर्शदाताले तोकिएको मितिभित्र प्रतिवेदन पेश गरेकोमा उक्त प्रतिवेदन माथि बैठकमा छलफल गरी प्रतिवेदन पारित गर्ने तथा सम्झौता बमोजिमको रकम परामर्शदातालाई भुक्तानी दिने ।

**१५.२. सङ्घीय सरकारद्वारा हस्तान्तरित कार्यक्रम विशेष अनुदान अन्तर्गतको कार्यक्रम कार्यान्वयन सम्बन्धमा**

चालु आर्थिक बर्ष २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कञ्चन गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको शिक्षण सिकाई प्रर्बद्धन गर्न र समग्र कक्षा कोठा व्यवस्थित गरी शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यबाट संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) अन्तर्गत सामुदायिक विद्यालयमा फर्निचर, पङ्खा, डिजिटल बोर्ड र खानेपानी व्यवस्थापन शिर्षकमा प्राप्त बजेट कार्यान्वयन सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/५/११ गते सबै विद्यालयलाई आवश्यकताका आधारमा तीस दिन समयावधि राखि प्रस्ताव पेश गर्न सूचना संप्रेषण गरिएको

र प्रस्ताव प्राप्त भएपश्चात यस कार्यालयबाट बास्तविक आधारभूत आवश्यकता सम्बन्धमा स्थलगत अनुगमन गर्दा कक्षाकोठा व्यवस्थापनको पहिलो आधार विद्यार्थी बसाई व्यवस्थापनको लागि फर्निचरको माग धेरै भएको र उपलब्ध वजेटबाट फर्निचर (डेक्स बेन्च) खरिद गर्नु पर्ने भएकोमा प्राविधिक लागत अनुमान र वजेटको सिमा भित्र रहि फर्निचर खरिद गरी विद्यालयहरूमा हस्तान्तरण गर्ने ।

**१५.३ कञ्चन गाउँपालिकाको महिला तथा बालिका माथि हुने हिंसा नियन्त्रण गर्न स्थानीय तहमा नीतिगत पहलका लागि पुनर्स्थापना केन्द्र तथा सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न बनेको नियमावली, २०८२ सम्बन्धमा**

कञ्चन गाउँपालिकाको महिला तथा बालिका माथि हुने हिंसा नियन्त्रण गर्न स्थानीय तहमा नीतिगत पहलका लागि पुनर्स्थापना केन्द्र तथा सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न बनेको नियमावली, २०८२ स्वीकृत गर्ने ।

<u>अन्त्यमा,</u> गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट पन्ध्रौ कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्य

नवराज ढकाल
गा. पा. अध्यक्ष